# प्रतिवद्धता-पत्र

ललितपुर जिल्लाको गोदावरी नगरपालिकाले कृषि, पूर्वाधार र पर्यटकीय नगरीः समावेशी, स्वच्छ र समृद्ध गोदावरी भन्ने नाराका साथ देशकै नमुना नगरको रुपमा विकास गर्ने लक्ष्य लिएको छ । नमुना नगर बनाउने विभिन्न आयाम मध्ये स्वच्छ गोदावरी आफैमा महत्वपूर्ण आयाम रहेको छ । यद्यपि ढल लागाएतका भौतिक संरचनाको विकास र फोहोरमैलाको उचित व्यवस्थापन नगरको लागि चुनौतीको रुपमा रहेको छ । यस चुनौतीलाई समाधान गर्दै स्वच्छ नगरको लक्ष्य प्राप्तिका लागि हामी सम्पूर्ण गोदावरी नगरपालिकाका जनप्रतिनिधि, सरोकारवाला संघसंस्था र नीजि क्षेत्रका प्रतिनिधि एवं नागरिक समाजका प्रतिनिधीहरु आज मिति २०८० जेष्ठ १२ गते गोदावरी नगरपालिकामा स्वच्छ र स्वस्थ वातावरण निर्माणमा विभिन्न प्राथमिकताका विषयहरुमा केन्द्रित रहि यो प्रतिवद्धता-पत्र जारी गर्दछौं ।

१. नमुना पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सहरी सरसफाईमा विशेष सुधार गरि फाहोर मैलाको दिगो व्यवस्थापन गर्न गोदावरी नगरपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्दै संघ, प्रदेश एवं स्थानीय स्थानीय सरकारको विचमा आवश्यक समन्वयलाई तिब्रता दिनेछौं ।

२. सरसफाई तथा फोहोरमैला व्यवस्थापन केन्द सञ्चालन निर्देशिका-२०७५ लाई कार्यान्वयन गर्न आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रममा ठोस योजना तर्जुमा गर्ने छौं । फोहोरमैला व्यवस्थापन तथा पूर्ण सरसफाईका लागि नगरपालिकास्तरमा आवश्यक रणनीतिक कार्ययोजना तयार गरिने छ ।

३. फोहोरमैला व्यवस्थापनका गतिविधि सञ्चालन गर्न संघ, प्रदेश र स्थानीय सरकारहरूको श्रोत परिचालन, दातृ तथा साझेदार संस्थाहरूसँग सहकार्य गर्ने, नगरपालिका र वडाहरूले बार्षिक बजेट विनियोजन गरिने छ ।

४. फोहोरलाई श्रोतमै तथा व्यवस्थापन केन्द्रमा समेत बर्गीकरण गर्न गैर सरकारी संस्था, नीजि क्षेत्र, नागरिक समाज र स्थानीय समेतको समन्वयमा विषेश अभियान तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।

५. बर्गीकृत फोहोरलाई छुट्टाछुटै संकलन गर्ने कार्यको सुनिश्चितता नीजि क्षेत्र र नगरपालिकाले गर्नेछ । बर्गीकृत फोहोर मध्ये कुहिने प्रकृतिको फोहोरबाट कम्पोष्ट मल बनाउने र नकुहिने बिशेषत: प्लाष्टिकजन्य खेर जाने बस्तुबाट हस्तकलाका सामाग्री, पुर्नचक्रण र प्लाष्टिकजन्य बस्तुको उपयोग घटाउने कार्यलाई प्रोत्साहन गरि फोहोर व्यवस्थापन गरिने छ । प्लास्टिकजन्य खेर जाने बस्तुहरुको पुर्नचक्रणबाट स्थानीय रोजगार निर्माणलाई प्राथमिकता दिइनेछ ।

६. फोहोरमैला व्यवस्थापनमा प्रविधि प्रणालीको विकास तथा उपलब्ध विद्युतिय प्रणालीको उपयोगबाट तथ्याङ्कमा आधारित योजना, अप्लीकेसन तथा ड्यासबोर्डबाट फोहोरमैलाको सूचना विस्तार, अनुगमन र नागरिक एवं सरकारको जवाफदेहिता अभिबृद्धि गरिने छ ।

७. फोहोरमैला व्यवस्थापनलाई अभियानका रुपमा सञ्चालन गर्नका लागि आवश्यक दक्ष जनशक्ति विकास, पहिचान र परिचालनका लागि विभिन्न संघ संस्था तथा नीजि क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गरिने छ ।

८. स्थानीय करदाता, समुदाय, नागरिक समाज तथा अन्य सरोकारवालाहरूलाई सुसुचित, जागरुक गर्दै आम नागरिकलाई फोहोरमैलो व्यवस्थापन अभियानमा समाहित गराइने छ ।

९. कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै संकलन गर्ने व्यवस्था गरिने छ । जथाभावी फालिने र वर्गीकरण नगरि पठाइने फोहोरलाई निरुत्साहित गर्न दण्ड, जरिवाना तथा पुरस्कारको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन तथा अनुगमनलाई बृद्धि गरिने छ ।